कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®
Project WorldReach (टि एम सेवकाइ संचालन)
Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

063NP01C01

अनुग्रहको नदी



पाष्टरीय तालीम पुस्तिका

६३

तालीम र वृद्धि

T&M ®

अनुग्रहको नदी

"हे सबै तिर्खाउने हो, आओ, पानीनेर आओ। अनि तिमीहरु रुपियाँ नहुने पनि आओ र किनेर खाओ।" (यशैया ५५:१)

"तपाईंका भवनको प्रचरताबाट तिनीहरुले भोज गर्छन्, र तपाईंको सुख-चैनको नदीबाट तपाईंले तिनीहरुलाई पियाउनुहुन्छ।" (भजन ३६:८-९)

"तब तिनले मलाई स्फटिकजस्तै चहकिलो जीवनका पानीको नदी देखाए। त्यो नदी परमेश्वरको र थुमाको सिंहासनबाट निस्की त्यस शहरका सडकको बीचबाट बगिरहेको थियो। त्यस नदीका किनारमा जीवनको वृक्ष थियो, जसले हरेक महीना बाह्रै किसिमका फलहरु दिइरहन्थ्यो। त्यसका पातहरुचाहिँ जाति-जातिहरुलाई निको पार्नको निम्ति थिए।"
(प्रकाश २२:१-२)

येशू उभिनुभयो अनि उच्च स्वरमा भन्नुभयो, *"यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि*

टिप्पणीहरु

© Project WorldReach © SEAN

टिप्पणीहरु

विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्कर णबाट जिउँदो पानीका खोलाहरु बगिनिस्कनेछन् ।"

(यूहन्ना ७:३७-३८)

परमेश्वरको अनुग्रहबाट अनुग्रहको ठूलो नदी निरन्तर बगिर हेको छ । खीष्टको अनुरोधमा परमेश्वर पिताबाट पवित्र आत्माले हामीमा प्रशस्तको जीवन ल्याउनुहुनछ (यूहन्ना १४:१६-१७)। तरै पनि, हामीलाई अनुग्रहको यो प्रशस्त बहावबाट टाडो लैजान शैतानले हाम्रो ध्यानलाई आकर्षित गर्दछ । आफ्नो असीमित ज्ञानअनुसार परमेश्वरले यसै हुन दिनुहुन्छ । हाम्रो भरोसा जाँच्नलाई उहाँले शैतानलाई रोक्नुहुन्न । हामीले कुनै पनि बेला पिउन सक्ने गरी अनुग्रहको नदी हाम्रै छेउबाट बग्छ । परमेश्वरको आत्मा पनि हामीले सास फेरे जस्तै गरी नजीकै हुनुहुन्छ । तब जब हाम्रो विश्वास कमजोर हुन्छ, हामीले शैतानको झूटलाई सुन्दछौं, अनि नदीको धाराबाट हाम्रो दृष्टिलाई टाडो लैजान्छौं । हाम्रो प्राण तिर्खाउँछ । हाम्रो आत्मा सुखा हुनजान्छ । जब मानिसहरुले परमेश्वरको असीमित अनुग्रहलाई शङ्का गर्दछन्, तब कुनै व्यवस्थावादी आएर नचाहिँदो धार्मिक रातिविधिहरुमा बाँधिदिन्छ । तब तिनीहरुले अरुहरुलाई पनि यो पिउनबाट वञ्चित पारिदिन्छन् ।

© Project WorldReach © SEAN

तलको काल्पनिक कथाले कसरी शैतानको झूटलाई पत्ता लाएर परमेश्वरको अनुग्रहलाई स्वतन्त्रपूर्वक बग्न दिनेछौं ।

मालाले अनुग्रहको नदी पाउँछ

महिमा त्यो शहरमा आइन् अनि नयाँ साथीहरु खोज्न थालिन् । उसले सोहनलाई भेटिन् अनि धेरै अघि नै उनीहरुले विवाह पनि गरे । त्यसपछि उसले महिमालाई भन्यो, "कामपछि केही साथीहरुले एक हिन्दू स्वामीलाई भेटेर ध्यानमा लागौं भन्दैछन् । किन हामीले पनि प्रयास नगर्ने ? आखिर हामीले बप्तिस्मा पनि लिएका छैनौं अनि अरु केहीमा भाग लिएका छैनौ । म तिमीलाई सात बजे भेट्नेछु । ठेगाना यहाँ छ ।"

आफ्नो जीवनको गहिरो खोजिरहेकी महिमाले सो प्रस्ताव स्वीकार गरिन् । तर, त्यो ठेगाना त्यति स्पष्ट थिएन । यसकारण, उनी गलत घरमा आइपुगिन् । "के ध्यान गर्ने घर यही हो ?" भनेर उसले ढोकामा सोधिन् ।

"ज्यू... यही हो । तपाईं अलि छिटो आइपुग्नु भो" उसकै उमेरको एक युवतीले मुस्कुराउँदै भनिन् । "म जुली हुँ । मेरो पति युसुफले यो झुण्डलाई अगुवाइ गर्नुहुन्छ । भित्रै आउनोस् न । चिया लिनुहुन्छ कि कफि ?"

त्यो गर्नसक्तैन कनिकि उसले त नराम्रो कामहरु मात्र गर्न मन पर ाउँछ । प्रहरी, समाज, उसको विवेक अनि अन्तमा गएर परमेश्वरबाट नै उसले बाधा भएको थाहा गर्छ । केवल साँच्चै असल व्यक्तिलाई मात्र उसलाई जे मन पर्छ त्यो गर्न दिइन्छ, किनकि उसले जे गर्न चाहन्छ त्यो सधैं असल हुन्छ । जसले परमेश्वरलाई सारा हृदयले अनि उसको छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्दछ केवल त्यो व्यक्ति मात्र साँच्चै असल व्यक्ति हो । त्यसरी प्रेम गर्दा सारा व्यवस्था पूरा हुन्छ भनी येशूले भन्नुभयो ।"

"ए त्यसो पो ! इसाई तरिकामा साँच्चै प्रेम गर्ने मानिसहरुले नै उनीहरुलाई जे मन पऱ्यो त्यो गर्न सक्छन् किनकि तिनीहरुले गर्न खोजेको कुरा सधैं अरुको निम्ति भलाइको कुरो हुन्छ । ज्यू, मैले बल्ल बुझें । स्वर्गमा त्यहाँ कुनै पाप हुनेछैन । हामीले परमेश्वर र एक अर्कालाई यति धेरै प्रेम गर्नेछौं कि अन्तमा हामीलाई जे मन लाग्यो त्यो गर्न हामी स्वतन्त्र हुनेछौं ।"

"ज्यू । सारा अनन्तसम्म परमेश्वर अनि एक अर्कोको सेवा प्रेमसाथ गर्न हामी स्वतन्त्र हुनेछौं– अनुग्रहको सबैभन्दा महान प्रदर्शन त्यहाँ हुनेछ ।"



© Project WorldReach © SEAN

"तिनीहरुले तपाईंलाई पगला पारिसकेछ। मैले ता यी सबैबाट छुटकारा पाएको छु। मिठाइको लागि धन्यवाद। जय मसीही।"

उनी जान्छे अनि महिमा चौकीमा बस्छे। धेरै बेरको सन्नाटा पछि, सोहनले लामो सास फेर्छ। "मैले त मारिजुआनाको गन्ध पाएँ। मैले उसको पाखुरामा सुइको डोबहरु देखें। धेरै ड्रग्स लिएकी थिइन्। जसले ठोस सत्यमा आफ्नो विश्वासलाई अडाउन चाहदैन, अनि त्यसरी नै तिनीहरुको भविष्यलाई बनाउन खोज्दछन्, तिनीहरु ती दुष्ट मानिसहरुको शिकार बन्दछन् जसले सांसारिक ज्ञानको आधारमा योजनाहरु गर्दछन्। उनी आफ्नै मूर्तिको कैदी बन्नेछिन्। उनी भन्छिन्, 'तिमीलाई जे मन लाग्छ, त्यही विश्वास गर।' सिद्धान्तहरु अनि धर्मशास्त्रका सत्यहरुबाट, साँचो विज्ञान र इतिहासबाट आफूलाई बचाउन, उनले आफ्नै वरिपरि एक खोल बनाउँछिन् जसबाट उनी खर ाब सिद्धान्तले भन्दा बढी थुनिएकी हुन्छे। उनले आफूलाई आफ्नै सानो सपनाको संसारमा सीमित पारेकी छे। उनी भन्छिन् उनी स्वतन्त्र छे, तर परमेश्वरको अनुग्रहले ल्याउने प्रेमले प्रेम गर्नसक्ने बाहेक अरुबाट उनी स्वतन्त्र हुनसक्ने छैन। हामीले उनको लागि प्रार्थना गरिदिनुपर्छ।"

महिमाले सोधिन्, "प्रेमले हाम्रो स्वतन्त्रलाई निश्चित पार्दछ भनी किन भन्नुहुन्छ?"

"युसुफले मलाई यसबारे सोच्न सघाएको छ। तर्कलाई पछ्याउनोस्। केवल एक स्वतन्त्र व्यक्तिले उसलाई जे मन लाग्यो त्यो गर्नसक्छ होइन र? एक पापी मानिसले उसलाई जे मन पऱ्यो

अरुहरु आइपुग्छन्। कतिले बाइबल ल्याएका हुन्छन्। सोहन कहाँ छ भनी महिमा छक्क पर्छिन्। तिनीहरुले एकाअर्काको निम्ति येशू खीष्टको नाउँमा प्रार्थना गरेको सुन्छिन्। एक छिमेकीले कसरी उनले उहाँको प्रेमलाई जान्न सके भनी बताइन्। "मैले क्षमा पाउनु पर्ने धेरै कुरो थियो। मैले गरेका सारा नराम्रा कुराहरुलाई परमेश्वरको अनुग्रहले ढाक्दछ भनेर मैले सपनामा पनि चिताएको थिइनँ, तर..." उसले सकेको पनि थिइन, उनी त आनन्दले रुन पो थालिन्।

सार्वजनिक स्थानमा बोल्न नजानेको, एक बूढो बूढो मानिस अलि लजाउँदै भन्न थाल्यो, "कति सातासम्म मेरो इम्फिसेमा रोग निको पार्नको लागि प्रार्थना भयो। उहाँले निको पनि पार्नुभयो। कुन नयाँ औषधि लियौ भनेर मेरो डाक्टरले सोध्नुभयो। मैले भनें, "येशूको नाउँमा प्रार्थना।" उसले भन्यो, "खै कुनी, त्यस्तै केही गतिलो औषधि होला। यति गजबले निको पार्ने अर्को औषधि त मलाई थाहै छैन।" तिनीहरुले थपडी मारेर परमेश्वरको प्रशंसा गरे।

अर्को जवान आएर भन्यो, "ड्रग्सको कारण, म झन कति करुण अवस्थामा पुगेको थिएँ। तर हाम्रो प्रभु येशू खीष्टले मलाई स्वतन्त्र पार्नुभयो।" फेरि उनीहरुले परमेश्वरको प्रशंसा गरे अनि उसलाई पर मेश्वरको अनुग्रहमा बढ्न सहायता गर्ने प्रतिज्ञा गरे।

महिमाले सोचिन् कि उसलाई त कसैले पनि बोल्न लाउने छैनन्। उनीहरुले परमेश्वरको अनुग्रह– हाम्रो योग्यताभन्दा महान रुपमा बहनेछ उहाँको प्रेम, क्षमादान र कृपालु भलाइबारे त्यसको छलफल गरे। युसुफले रोमी ५:२१ पढ्छ अनि सोध्छः "यदि मानिसहरुले धेरै पाप गरे भने के हुन्छ?"

© Project WorldReach © SEAN

जवान मानिसले उत्तर दिन्छ, "यसो भनिएको छ कि परमेश्वरको अनुग्रह हाम्रो पापभन्दा धेरै गुणा ठूलो छ। जसरी पापले अन्तमा हामी सबैको निम्ति मृत्यु ल्याउँछ, अनुग्रहले येशू ख्रीष्टद्वारा अनन्त जीवन ल्याउँछ किनकि उहाँ धर्मी हुनुहुन्छ।"

युसुफले सोध्छ, "त्यसोभए कसरी हामीले परमेश्वरको यो असीमित अनुग्रहलाई हाम्रो अनि अरुहरुको जीवनमा बहिरहन दिनसक्छौं ?"

महिमाले जुलीसँग कानेखुशी गर्छे: "के तपाईंहरुले यसरी नै ध्यान गर्नुहुन्छ ? के तपाईंको पति युसुफ एक स्वामी हुनुहुन्छ ?"

"आहो, यो ता होइन त ! तिनहिरु त सडकको पल्लोपट्टि पो अहिले मरिजुआना अथवा अरु कुरो खाएर मस्त भएर बसेका होलान्। हामी त घरेलु इसाई झुण्ड, अर्थात सेल हौं जो ठूलो मण्डलीको एउटा सानो भाग हो। के तपाईं यहाँ गल्तीले आइपुग्नुभएको हो ?"

"यदि यसै हो भने मैले जिन्दगीमा सबैभन्दा असल भूल गरेको रहेछु। यतिको आनन्द त मैले कहिले देखेको थिइनँ। के म मेरो पतिलाई लिएर अर्को पाली आउन सक्छु ?"

सत्य १:
अनुग्रहको नदीले क्षमादान अनि सित्थैंमा नौलो अनन्त जीवन दिनुहुन्छ ।

महिमाले जवाफ दिइन्: "एफिसी १:७ ले भन्दछ परमेश्वरको अनुग्रहको प्रशस्तताअनुसार उहाँको रगतद्वारा हामीलाई पापको क्षमादान छ। हामीले परमेश्वरको असीमित पवित्रताबारे अध्ययन नगरुञ्जेल मैले यो कुरा मान्नै सकेको थिइनँ। परमेश्वर सिद्ध प्रेम अनि भला हुनुहुन्छ। त्यसैकारण हामीले पापलाई सजाय दिनैपर्छ। उहाँका जनहरु उहाँसित सदैव रहेको परमेश्वर चाहनुहुन्छ, तर उहाँ सिद्ध रुपमा पवित्र हुनुहुन्छ अनि उहाँको उपस्थितिमा पापलाई प्रवेश गर्नै दिनुहुन्न। यदि उहाँले त्यसो गर्नुभयो भने स्वर्ग त नरक भइहाल्छ।"

"यदि परमेश्वरले रीसमा सजाय दिनुहुन्छ भने तब उहाँ अनुग्रहको परमेश्वर हुनुहुन्न !"

"पाप, सजाय, रगतको बलिदान अनि सिद्ध न्यायको कष्टपूर्ण पृष्ठभूमिको मध्येनजरमा राखेर नहेरुञ्जेल हामीले उहाँको अनुग्रहको बारेमा प्रशंसा गर्नसक्ने केही पाउँदैनौं। परमेश्वरको न्याय पूर्णतया उचित हुनुपर्छ, नत्रभने उहाँ परमेश्वर हुनसक्नुहुन्न। स्वर्ग न्यायको ठाउँ होइन तर अनुग्रह र कृपाको ठाउँ हो। यदि हामीले येशूको कष्टमय बलिदान र मृत्युलाई कदर गर्न जानेनौं भने, हामीले परमेश्वर को अनुग्रहलाई पनि कदर गर्न जान्ने छैनौं। यदि तपाईंले साँच्चै कदर गर्नुभयो भने, तपाईंले उहाँलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तपाईंले उहाँलाई संसारका मानिसहरुले आविष्कार गरेको ससाना ईश्वरहरुको स्तरमा झार्नु हुने थिएन। कृपया गरी फर्केर आउनुहोस् अनि हामीसित सिक्नोस्। आउनु हुन्छ ?"

"म ता विश्वासमा धेरै अघि बढिसकेको व्यक्ति हुँ। आज मण्डलीमा कति थोरै छन् जसले मात्र गहिरो अध्ययन गर्दछन्। परमेश्वर कुनै पनि धर्मभन्दा ठूलो हुनुहुन्छ। तपाईंको सत्य तपाईंको निम्ति सत्य छ, अनि मेरो सत्य मेरै निम्ति। यो कति स्वतन्त्र छ! बाइबलमा भएका यी ससाना सिद्धान्तहरु कति साँघुरा छन्! अनि कति हिंसात्मक छन्! हामी येशूको रगतमा धोइनुपर्छ रे! कति पुरानो बिचार!" उनी जोडले हाँस्छिन्। "येशूको रातो रगतसित मेरो के सम्बन्ध छ र?"

सोहनले उत्तर दियो, "त्यसो भए तपाईंले आफ्नै ईश्वर खोप्दै हुनुहुन्छ। त्यो त मूर्ति पूजा भयो।"

"म मूर्तिहरुमा विश्वास गर्दिनँ, जवान भाइ। ती मेरा निम्ति केही होइनन्!"

"चिजल र ढुङ्गा लिएर पुरानो तालमा होइन, तर मूर्तिपूजकहरुले गरे झैं तपाईंले पनि आत्मिकी संसारको आफ्नै विश्वासहरु आविष्कार गर्दै हुनुहुन्छ।"

उनले भनिन्, "तपाईहरु अनुग्रहको बारेमा कुरा गर्नुहुन्छ। अनुग्रह के हो, म बताउँछु। परमेश्वरको न्यायबारे तपाईंको अर्वाचीन सिद्धान्तमा म विश्वास गर्दिनँ। एक प्रेमिलो परमेश्वरले मानिसहरुलाई त्यसरी सजाय दिनुहुन्न। उहाँले सारा पापहरु क्षमा गर्नुहुन्छ। मुक्ति विश्वव्यापी छ।"

महिमा त्यो रात उसले परमेश्वरको वचनबाट सिकेकी कुरालाई अझ गुन्दै सुतिरहेकी छिन्। नकमाईएको अनुग्रह। विश्वासद्वारा हामीले यसलाई हाम्रो सारा जीवनको निम्ति पाउँदछौं। उसले अर्को दिन सोहनलाई यसबारेमा बताउने प्रयास गर्छिन्। "ओआ!!" उसले लेघ्रो तान्छ। "त्यो सभामा तिमीले के पियौ? कि ड्रग्स खायौ? कडा गन्धको थियो? डरलाग्दा चित्रहरु देखिन्थे? इलेक्ट्रोनिक्स सन्देशहरु आउँथे?"

"होइन हौ, सोहन! यो ता तेस्तो थिएन। अनुग्रह भनेको प्रेम, आनन्द अनि क्षमादान हो। यो ता परेमश्वरबाट मानिसहरु मार्फत बहन्छ। कुनै इलेक्ट्रोनिक वस्तु, सुन्दर भवनहरु, नानथरिको गन्ध अथवा अचम्मको मन्त्रहरुद्वारा होइन।"

जुली र युसुफले महिमा र सोहनको घरमा भेटघाट गर्न जान्छन् अनि तिनीहरुलाई येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानको बारेमा सुसमाचार बताउँछन्। लूका २४:४६-४८ उद्धृत गर्दै युसुफले बुझाउँछ: "जसले उहाँमा विश्वास गरी परमेश्वरतिर फर्कन्छ उसको निम्ति पाप क्षमा र अनन्त जीवनको प्रतिज्ञा उहाँले गर्नुभएको छ।" सोहनले धेरै प्रश्नहरु गऱ्यो।

चारवटा सभाहरुमा लगातार उपस्थित भएपछि, सोहन र महिमा परमेश्वरको पुत्रलाई उनीहरुको मुक्तिदाताको रुपमा ग्रहण गर्न तयार बने। युसुफले बिन्ती गरे, "तपाईंहरुको विश्वास र पश्चातापलाई सुनिश्चित पार्न, तपाईंहरुको बप्तिस्माको योजना गर्नुपर्ला।"

© Project WorldReach © SEAN

"पर्ख, युसुफ !" मण्डलीको अगुवा अनि युसुफको सानो झुण्डमा सहायक अगुवा आर्नोल्डले तर्क गर्दछ, "तिनीहरुको परिवर्तनलाई सुनिश्चित पार्न पहिला तिनीहरुले उनीहरुको जीवनको हरेक कुरो ठीक पार्नुपर्छ। महिमा, तिमीले एक इसाईले जस्तै गरी पहिरण लाउन सिक्नुपर्छ। सोहन, तिमीले पिउन र ड्रग्स सेवन गर्न छोड्नुपर्छ। तपाईंहरुले पर्खनु पर्छ अनि कम्तिमा एक वर्ष हाम्रो आधारभूत सिद्धान्त कक्षामा रहनुपर्छ।" उसले सोहनलाई एक सूची थमाइदिन्छ। "हाम्रो झुण्डको सदस्य हुन तपाईंहरुले पालन गर्नुपर्ने नियमहरु यहाँ मैले लेखेको छु। त्यसमा ड्रग्स, मद्यपान, व्यभिचार, तास खेल्नु, सबै प्रकारका नाँचगान गर्नु, धुम्रपान, खराब भाषा, अनि कडा रक संगीत छोड्नुपर्ने लगायत अरु सबै कुरो लेखिएको छ।

जुली महिमापट्टि ढल्किन्दै कानेखुशी गर्छे, "यदि हामीले स्वर्गदूतको आँखा अहिले हेर्यौं भने, शैतानले एउटा बलिरहेको काँडद्वारा 'व्यवस्थावादी' को लेबल लगाइरहेको होला। यो ता फरिसीपनको भाइरस हो। तिनीहरु मिलेर भन्दैछन्, 'होशियार ! त्यति चाँढो गरी अघि नबढ। कोही इसाई भइहाल्यो भने, उसले धर्मी जीवन जिएको अनि हामीले सूचीमा देहाएका पापहरु छोडेको अनुमोदन पाउनु पर्छ'।"

युसुफले तर्क राख्छ, "तर आर्नोल्ड, सोहन र महिमाले पश्चाताप गरेकै छन् नी। उनीहरुले सबै सिद्धान्त नसिकुञ्जेल उनीहरुलाई हामीले ग्रहण गर्न ढिल्यायौं भने हामीले नयाँ विश्वासीहरुलाई निरास पारिरहेका हुन्छौं। तपाईंको सूचीले तपाईंको व्यक्तिगत बिचारलाई बुझाउँछ, धर्मशास्त्रलाई होइन। सोहन र महिमालाई परमेश्वरको अनुग्रहको निश्चयता सकेसम्म अहिले चाहिन्छ।" विश्वासीहरुको परि

मदनले अर्को प्रस्ताव राख्दछ। "हाम्रो झुण्डको लागि केही विधानहरु चाहिएको छ। म यो प्रस्ताव राख्दछु कि दुइ जना एल्डरहरु झुण्डका अगुवाहरु हुन चुनिऊन्।" आर्नोल्डले कराएर भन्छ, "म यो प्रस्तावलाई अघि बढाउँछु !"

सोहनले विरोध जनाउँछ, "त्यो शायद प्रजातान्त्रिक तरिका होला, तर यदि पवित्र आत्माले गोठालोको भूमिका निभाउनको लागि तीन जना व्यक्तिहरु दिनुहुन्छ भने के गर्नु ? तपाईंको नियमले ता दुइ जनामा सीमित पारेको हुन्छ। अथवा परमेश्वरको वरदान दुइ वर्षभन्दा बढीको निम्ति भए के गर्नु ? के उहाँले फेरि फिर्ता लिनुहुन्छ त ? त्यस्ता मानव-निर्मित नियमले खीष्टमा हाम्रो स्वतन्त्रतालाई सीमित पार्दछ। हाम्रो सानो झुण्डमा भएको स्वतन्त्रलाई आत्मालाई अझ स्वतन्त्रपूर्वक काम गर्न दिनको निम्ति हामी सदुपयोग गरौं। २ कोरन्थी ३:१७ ले हामीलाई निश्चयता दिन्छ, "जहाँ प्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ।"

"तपाईं पनि युसुफ जस्तै बोल्न थाल्नु भएछ !" आर्नोल्डले छोपिहाल्यो।

"शायद त्यसै होला। उहाँले यो सभाको जिम्मा मलाई दिनुभएको छ अनि मलाई जे भनिएको छ, म त्यही गर्दैछु। हामी 'एकाअर्कालाई' भनेर लेखिएका पदहरुमा सिक्नेछौं।"

आर्नोल्ड र मदन उनीहरुले ल्याएको व्यक्तिहरुसित हिँडिहाले, तर र ङ्गीन कपडा लाएकी एक स्त्री त्यहीँ बसिन्। जब सभा अन्त भयो, तिनी सोहन र महिमाकहाँ कुराकानी गर्न अघि बढिन्। उसले भनिन्,

भण्डारेपनको स्तर:

व्यवस्था: दशांश, व्यवस्था १२:११

आत्मा: मनमा इच्छा गरेबमोजिम, खुशीसाथ दिन्छ, २ कोरन्थी ९:७, १ कोरन्थी १६:२

प्रतिज्ञा गरिएको उत्तराधिकार:

व्यवस्था: भूमि, मानव उद्धारकद्वारा निश्चित पारेर, उत्पत्ति १२:१,२, १७:१-८, व्यवस्था ६:१-३, रुथ ४:१३-१७

आत्मा: पवित्र आत्माद्वारा अनन्तसम्म जमानत बस्नु भएर, उत्पत्ति १२:३, एफिसी १:३-१४, हिब्रू २:१४,१५, १ पत्रुस १:३-५

अर्को सेवामा धेरै लामो समयसम्म झुण्डमा हाजीर नभएका साथीहरुलाई आर्नोल्ड र मदनले लिएर आएको देख्दा महिमा चकित परिन्। मनदले भन्यो, "हाम्रो झुण्डको लागि नयाँ अगुवा छान्न भनी हामी विशेष वैठक बस्दैछौं। युसुफको नेतृत्वमा हामी धेरै अलमलमा पर्‍यौं। म आर्नोल्डको प्रस्ताव राख्दछु।"

एक बूढो मानिसले उत्तर दियो, "युसुफको अनुपस्थितिमा भएको चुनावमा भाग लिन म इन्कार गर्दछु।" अरु सबैले भने, "आमेन्!"

वर्तनलाई सुनिश्चित पार्न बप्तिस्मा दिएको बारेमा प्रेरितको पुस्तकको विभिन्न ठाउँहरुबाट उसले पढेर सुनाउँछ अनि भन्दछ, "सोहन र महिमा खीष्टमा जन्मेका बालक-बालिकाहरु हुन्। जब तपाईं जन्मनुभयो, तपाईंले थाङ्नाहरु मैला गर्न नछोडुञ्जेल तपाईंको आमाले तपाईंलाई घरबाहिरै त राख्नु भएन होला नी। यसै गरी, नयाँ गरी जन्मेका नयाँ विश्वासीहरुलाई पनि हामीले तुरन्तै, जसरी प्रेरितहरुले यहूदी र अन्यजातिहरुको निम्ति गरे, त्यसरी नै मण्डलीको न्यानोपनमा ल्याउने काम गरौं।"

"तर उनीहरुको जीवनमा पाप छँदाछदै हामी मानिसहरुलाई हाम्रो झुण्डको सदस्यता दिन सक्तैनौं!" आर्नोल्ड चकित बन्छ।

"तर प्रेरितहरुले ता ग्रहण गरे त," जुलीले पनि विरोध जनाउँछे। "पापीलाई दोषी नठर्‍याई कसरी पापलाई मात्र सुधार्नुपर्छ भनी तिनीहरुले हामीलाई देखाएका छन्। पहिलो कोरन्थीले सबभन्दा घिनलाग्दो पापलाई सुधारेको छ, तर मानिसहरुको प्राणलाई दोषी नठर्‍याईकन। अनि त्यो पत्र आज हामी सबैको लागि हो। परमेश्वर को अनुग्रहमा हामी सबै विश्वासीहरुको स्थानलाई सम्झना गराएर प्रेरि तहरुले हामीलाई यसरी निवेदन पनि गरेका छन् कि हामी खीष्टमा छौं भने हामीले दुष्टहरुले जस्तो गरी जिउन छोड्नु पर्छ। हामी परमेश्वर को क्षमा पाएका सन्तान हौं। आर्नोल्ड, यति भनेर म अन्त्याउन चाहन्छु। नयाँ इसाईहरुमा धेरै गल्तीहरु होलान्। कति देखिने अनि कति नदेखिने। त्यसैकारण, उनीहरुलाई विनम्र भावमा डोर्‍याउनको निम्ति परमेश्वरले मण्डलीलाई गोठालाहरु दिनुभयो। नयाँ करारमा, भन्नु नै हो भने, बप्तिस्मा त नराम्रा व्यक्तिहरुको लागि नै हो।"

© Project WorldReach © SEAN

"तपाईंले मण्डलीको स्तरलाई गिराउँदै हुनुहुन्छ !"

"तपाईंले परमेश्वरको अनुग्रहलाई गिराउँदै हुनुहुन्छ। जति जनाले आफू राम्रा छौं भनी बप्तिस्मा मागे बप्तिस्मा दिनुहुने यूहन्नाले तिनीहरुलाई सर्पहरु भनी बप्तिस्मा दिन इन्कार गर्नुभयो। तर जस-जसले आफ्ना दुष्ट व्यवहारलाई स्वीकार गरे उनीहरुलाई उनले तुरन्तै बप्तिस्मा दिए। पश्चाताप र विश्वास प्रकट गर्नेहरु सबैलाई प्रेरितहरुले बप्तिस्मा दिए। त्यसपछि पो तिनीहरुलाई पाष्टरीय वास्तामुनि खीष्टको देहभित्र राखेर उनीहरुको नराम्रा बानी व्यहोराबारे तिनीहरुले सिकाए अनि ती छोड्नलाई सघाए।"

"तर त्यसबेलाका समय अलि बेग्लै थियो नी" भनेर अर्नोल्ड जाइलागे।

"निश्चय, तर केवल सामाजिक अनि भौतिक क्षेत्रमा फरक थियो। तकनीकि त सधैं बढिरहेकै छ। तर अहिले हामीले कुरा गरिहेको आत्मिकी वास्तविकता त अपरिवर्तनशील छ। पाप सधैं पाप नै हो। अनुग्रह सधैं अनुग्रह नै हो। परमेश्वरमा नयाँ जन्मेका सन्तानमा यो अनुग्रह ल्याउने मण्डलीको जिम्मेवारी कहिल्यै बद्लिने छैन, आर्नोल्ड। त्यस बेलाका कोरिन्थीहरुलाई चाहिएको जतिकै गरी आज यिनीहरुलाई पनि अनुग्रह चाहिएको छ।"

"मलाई वास्ता छैन," अर्नोल्डले जबर्जस्ती गरेर भन्यो, "सोहन अनि महिमा, तर तपाईंहरुले मैले भने जस्तै गर्नुपर्छ।"

मुख्य प्रकाशः

व्यवस्थाः व्यवस्थाहरु, दर्शनहरु, स्वर्गदूतहरु, गन्ती १२:६, व्यवस्था ३१:९

आत्माः परमेश्वर देह बन्नुहुन्छ, जीवित वचन, यूहन्ना १:१-३, हिब्रू १:१-३, २:२-४

शिक्षणको विशेष उद्देश्यः

व्यवस्थाः खीष्टको निम्ति तयारी, गलाती ३:२३-२६

आत्माः परिवर्तन, पूर्ण सिद्धता, रोमी ८:२३, २८-३०

एल्डरहरुको मुख्य भूमिकाः

व्यवस्थाः न्यायकर्ताहरुको रुपमा शासन गर्नु, प्रस्थान १८:२४-२६, मर्कूस १५:१, प्रेरित १५:१०

आत्माः नम्र गोठालाहरुको रुपमा सेवा गर्नु, तीतस १:५-९, १ पत्रुस ५:१-४, मत्ती २०:२५-२८

© Project WorldReach © SEAN

पवित्रता:

व्यवस्था: विशेष व्यवस्थाहरु पालन गर्नु, लेवी ११, यशैया ५५:७

आत्मा: आत्मिकी नयाँ जन्म, आत्माको फल फलाउनको निम्ति, रोमी १४:१-९,१७, १ पत्रुस १:३, १ तिमोथी ४:३-५

अति जोड दिइएको आवश्यकता:

व्यवस्था: दश आज्ञा, प्रस्थान २०:१-१७

आत्मा: येशू र उहाँको उद्धारकार्यमा भरोसा गर्नु, यूहन्ना ३:१६, लूका २४:४४-४९

लिखित वचन बाहेक अगुवाको तरिका:

व्यवस्था: जीवनका सारा क्षेत्रहरुको निम्ति विशेष विधिविधानहरु, प्रस्थान १८:२०, २४:३

आत्मा: पवित्र आत्माले हामीलाई छर्लङ्ग पार्नुहुनेछ, एफिसी १:१७-२०, यूहन्ना १४:२६, रोमी ८:१-२७

"तिनीहरुले येशूको आज्ञा पालन गर्नेछन् !" युसुफले भन्यो। "आर्नोल्ड, हामी त येशूले जे आज्ञा गर्नुभयो खाली त्यति मात्र नयाँ विश्वासीहरुलाई सिकाउने काम गर्नेछौं। तिनीहरुले येशूको आज्ञा प्रेममा पालन गर्नेछन्, हाम्रो धम्कीमा होइन। प्रेरितहरुले नयाँ विश्वासीहरुलाई गर्न लाएको भन्दा भिन्न पारामा हामीले गर्न लाउने हामीमा त्यस्तो कुनै अधिकार छैन। आर्नोल्ड के तपाईं चाहनुहुन्छ कि हामीले येशूको भन्दा तपाईंको आज्ञा पालन गरौं ? अनि प्रेरितहरुलाई भन्दा तपाईंलाई पछ्याएको चाहनुहुन्छ ?"

"त्यस विषयमा हामी बिचार गर्नेछौं !" आर्नोल्डले सुस्तरी फतफतायो। उसको साथी मदनले थप्यो, "अर्नोल्ड, शायद त्यो सूचीमा हामी साताको एक पटक उपवास प्रार्थना पनि थप्नु पर्छ होला। अनि दशांश पनि। त्यो पैसाले एउटा ठूलो पुल्पिट किन्न सकिन्छ। त्यसबाट कुनै पनि विश्वासी साँच्चै परिवर्तन भएको हो भनी निश्चित हुनसक्छ !"

"मदन, कति व्यवस्थावादी भएको !" जुलीले विरोध गरिन्। "हामीले आफूलाई धर्मी ठहऱ्याउने कुरो ता पुरानो करारको तरिका भयो। नयाँ करारले ता विश्वासद्वारा अनुग्रह दिनुभएको छ। हामी बौरी उठ्नुभएको खीष्टद्वारा जीवित छौं – हामीहरुको आफ्नै प्रयासद्वारा होइन, अनि यहूदा १-२ मा भनिएजस्तै उहाँको कृपाको प्रशस्तता, प्रेम र शान्ति उपभोग गर्दछौं। तपाईंले कारण र परिणामलाई गोलमालमा पार्नुभयो। परमेश्वरले हाम्रो असल कामलाई परिणामको रुपमा हेर्नुहुन्छ, हामीले मुक्ति पाएको अनि खीष्टसित हामी हिँडेको परिणाम

स्वरुप, तर असल कामको कारण हामीले मुक्ति पाएका होइनौं। एफिसी २:८-१० ले स्पष्ट पार्दछ कि हामी असल कामद्वारा होइन, तर असल कामको निम्ति बचाइएका हौं, अर्थात असल कामहरु गर्नको निम्ति। मदन अनि आर्नोल्ड, तपाईहरुले पनि संसारका अरु धर्महरुले जस्तै यसलाई उल्टाउँदै हुनुहुन्छ। सबै धर्मले यही सिकाउँछ कि हामीले असल कामहरुद्वारा (पुरानो रीतिरिवाज पालन गरेर अनि धर्मकर्महरु घरिघरि दोहोऱ्याएर) अनन्त मुक्ति हासिल गर्दछौं। खीष्टले ठीक उल्टो सिकाउनु भयो। हामी ता परमेश्वरको अनुग्रहले मात्र बचाइएका छौं, अनि सारा असल कार्यहरु ता त्यसको परिणाम मात्र हुन्। ती ता हामीले पाएको मुक्तिको अत्यावश्यक प्रभाव अर्थात परिणाम हुन्।"

युसुफले सोहन र महिमालाई भोलि बेलुकी भेट्न गयो। सोहनले खुल्लमखुल्ला भन्यो, "म ता साह्रै निरास भएँ। हामीले परमेश्वरको अनुग्रह पाउँदछौं भने आर्नोल्डले साँच्चै विश्वास नगर्दो रहेछ। यदि हाम्रा अगुवाहरुमा त्यस्तो शङ्का छ भने, हामी कसरी निश्चित हुनसक्छौं र ?"

युसुफले उत्तर दिन्छ, "मैले हाम्रो मण्डलीको पाष्टर अनि अरु एल्डर हरुसँग बातचीत गरें। हाम्रो झुण्डले तपाईंहरुलाई बप्तिस्मा दिएर मण्डलीमा ग्रहण गर्नको लागि यति लामो समयसम्म पर्खाउनु लाएर तपाईंहरुलाई निरुत्साहित पारेको कुरा अगुवाहरुले स्वीकारेका छन्।" परमेश्वरको अनुग्रहबारे निश्चित पार्न उसले सोहन र महिमालाई रोमी ८ पढ्न लाउँछ।

आराधनाको साधनः

व्यवस्थाः पशु बलिहरु अनि चाडहरु, लेवी १-७, अनि २३

आत्माः आत्मामा आराधना गर्नु, विश्वासीहरुसित रोटी भचाइँ गर्नु, प्रेरित २:४२

आराधनाको निम्ति साताको दिनः

व्यवस्थाः पुरानो सृष्टिलाई सम्झना दिलाउनुको निम्ति साताको सातौं दिन, प्रस्थान २०:८-११, प्रकाश २१:१, लेवी २५:१-७

आत्माः येशूको पुनरुत्थानबाट शुरु भएर नयाँ सृष्टिलाई सम्झना दिलाउनुको निम्ति साताको पहिलो दिन, प्रेरित २०:७, लूका २४:१-७, एफिसी २:६, हिब्रू ४:४-११, प्रकाश २१:१-४

© Project WorldReach © SEAN

वरिपरिका राष्ट्रहरुसितको व्यवहार:

व्यवस्था: अलग हुनु, देशमा भएका मूर्तिपूजकहरुमाथि विजय गर्नु, प्रस्थान ६:६-७, १९:१-६, व्यवस्था २:३१, ४:१-९

आत्मा: मिलाप गर्नु, सबैलाई चेला बनाउनु, मत्ती २८:१८-२०, एफिसी २:१२-२२, ३:१-६, कलस्सी १:१९-२२, प्रकाश ७:९

परमेश्वरको पवित्रता:

व्यवस्था: परमेश्वरलाई देख्नु अथवा नजीक पर्नुको अर्थ मृत्यु, न्याय ३:२२, प्रस्थान १९:१२, लेवी १०:१-२, यशैया ६:१-७

आत्मा: येशूको पवित्रता हामीमा हालिएको छ, रोमी ५:१८-१९

चालचलनमा जोड दिएको:

व्यवस्था: विस्तृत नियमहरु पालन गर्नु, डर राखेर, व्यवस्था ६:१-३, २८:१५-२६, प्रस्थान २०:१८-२०

आत्मा: आत्मामा जिउन, प्रेममा आज्ञाकारी बन्नु, यूहन्ना १४:१५, रोमी १३:८-१०, २ कोरन्थी ३:३-११, गलाती ५:५-६, मत्ती २२:३७-४०

तपाईंको योजना:

परमेश्वरको अघि तपाईंका मानिसहरुको स्थितिबारे जानकारी दिने सर्वोत्तम उपाय के हो ?

- ☐ तिनीहरुले पालन गर्नलाई धेरै नियमहरु दिनुहोस् ।
- ☐ तिनीहरुलाई परमेश्वर र उहाँको प्रेममा भरोसा गर्न सिकाउनुहोस् ।

तपाईंको उत्तर कलस्सी २:२० देखि ३:१ सम्म पढेर पत्ता लाउनोस् ।

आज्ञाकारिताको लागि सबैभन्दा उत्तम प्रेरणा के हो ?

- ☐ प्रेम ।
- ☐ डर ।

(येशूले यूहन्ना १४:१५ मा भन्नुभयो, *"यदि तिमीले मलाई प्रेम गर्छौ भने, मेरा आज्ञाहरु पालन गर ।"*)

तपाईंले आफ्ना मानिसहरुलाई परमेश्वरको अनुग्रहप्रति कृतज्ञ हुन कसरी सिकाउनुहुन्छ व्याख्या गर्नोस्:

_____

_____

_____

© Project WorldReach © SEAN

सत्य २:
अनुग्रहको नदीले प्रेमबाट शुरु गरेर 'आत्माको फल' ल्याउँछ ।

ट्वाङ्ग ! सोहन र महिमालाई थाहै नभई शैतानले उनीहरुमाथि अर्को लेबल लगाउँछ । ट्वाङ्ग ! शङ्का नाउँको अर्को मिसाइल खस्छ । त्यसले आर्नोल्ड र मदनलाई नै चलाउन खोज्छ । ट्वाङ्ग ! ट्वाङ्ग ! त्यसले 'भौतिकवाद' र 'तर्कवाद' ल्याउँछ । त्यो हाँस्छ अनि अर्को वाण छोड्छ: "अनुग्रहको नदी बग्नलाई रोक्ने नरकको बलियो चाल– शक्तिको लालची अगुवापन !"

अर्को दिन महिमाले जुलीलाई भेटेको बेला भन्दछ, "मैले अब त्यही आनन्द महसुस गर्न सकिरहेको छुइनँ । मेरो निम्ति अनुग्रहको नदी सुकिसकेको छ ।"

"होइन महिमा, यो ता कहिल्यै सुक्दैन । परमेश्वरको सारा अनुग्रह लिएर पवित्र आत्मा तिमीभित्रै बास गर्नुहुन्छ । यो ता सधैं हाम्रै हो । परमेश्वरले दिनुभएको आफ्नो उपस्थिति र अनुग्रहबारे हामीलाई निश्चिन्त हुन हामीले ता परमेश्वरले दिनुभएको कुरोलाई ग्रहण गर्नु मात्र हो ।"

"तर मैले ता केही पनि महसुस गरिरहेको छैनँ ।"

मुख्य पूजाहारी:

व्यवस्था: लौकिक अति पवित्र स्थानमा हारुन, लेवी १६:१-२७

आत्मा: येशू हाम्रो लागि महिमामा मध्यस्थ हुनुहुन्छ, हिब्रू ४:१४-१६, ५:४-१०, ९:१-१४, यूहन्ना १४:२,३

मुख्य राजा:

व्यवस्था: दाऊद, राष्ट्रहरुका विजेता, लेवी २०:२३, १ शमूएल १८:७, २ शमूएल ७:८-१६, व्यवस्था २०:१६-१८

आत्मा: येशू, सबै राष्ट्रहरुबाट चुनिएकाहरुमध्येका शिर, मत्ती २८:१८-२०, प्रेरित १:८, एफिसी ५:२३, प्रकाश १९:१५-१६



© Project WorldReach © SEAN

उद्देश्यः

व्यवस्थाः व्यवस्थाले पापलाई देखायो, सजाय ल्यायो, रोमी ३:१९-२०

आत्माः जीवन दिन्छ, स्वतन्त्र पार्छ, कलस्सी २:११-१७, हिब्रू ५:९, २ कोरन्थी ३:१७

परमेश्वरको उपस्थितिः

व्यवस्थाः अस्थायी मन्दिरमा पर्दा पछाडि, प्रस्थान २५:८-९,२६, ४०:३५, लेवी १६:२

आत्माः पवित्र आत्मा हामीमा सदैव वास गर्नुहुन्छ, यूहन्ना १४:१६-१७, १ कोरन्थी ३:१६

मुख्य अगमवक्ताः

व्यवस्थाः व्यवस्था दिने मोशाः यूहन्ना १:१७, गन्ती १२:६-८

आत्माः येशूले अनुग्रह, सत्य ल्याउनुभयो, यूहन्ना १:१, १४,१७, प्रेरित ३:२२-२६, कलस्सी १:१५, हिब्रू १:१-४

"महिमा, तिमी आफ्नै भावनामा भर पर्ने प्रयास नगर। ढुक्क बनेर परमेश्वरमा भरोसा गर। उहाँको पवित्र आत्माले तिमीलाई उहाँको प्रेमबाट शुरु गरेर 'आत्माको फल'ले भर्नुहुन्छ। उहाँले त्यसपछि आनन्द, शान्ति अनि अरु इसाई सदगुणहरु भरिदिनुहुन्छ। जसै हामी नयाँ करारमा भनिएको 'एका अर्कालाई' भन्ने आज्ञाहरु पालन गर्दछौं अनि हामीलाई निश्चिन्त पार्ने अरु कुरा गर्दछौं, परमेश्वरबाट आएको यो प्रेमले साँचो मण्डलीको दैहिक जीवनमा शक्ति प्रदान गर्नुहुन्छ।"

"के कुराहरु, जुली ? कुन कुराले हामीलाई परमेश्वरको अनुग्रहबारे साँच्चै निश्चित पार्दछ ?"

"उहाँको वचन, बाइबलद्वारा परमेश्वरले हामीलाई उहाँको अनुग्रहबारे निश्चित पार्नुहुनेछ। हामीले पाएको वरदान अनुसार जसै हामी अरुहरुको सेवा गर्दछौं, प्रार्थना गर्दछौं अनि प्रभुभोजमा सामेल हुँदछौं, त्यसद्वारा पनि उहाँले हामीलाई निश्चित पार्नुहुन्छ। शैतानले त्यसको झूटद्वारा हाम्रो मनमा शङ्काहरु हालेर कष्ट दिइरहन्छ। त्यसले हाम्रो हृदयमा तिमीहरु परमेश्वरका सन्तान हौ भनेर निश्चित पार्नुहुने पवित्र आत्माको स्वरलाई दबाउन खोज्छ।"

"आर्नोल्डले मलाई यस्तै सोच्न बाध्य तुल्यायो कि परमेश्वरलाई खुशी पानए मैले धेरै नियमहरु पालन गर्नुपर्छ अनि सबै बाइबलीय सिद्धान्तहरु बुझ्नु पर्दछ।"

"उ साह्रै तर्कवादी छ, महिमा।"

"त्यसको अर्थ के हो ?"

"तर्कवादीहरुले कुनै पनि कुरामा विश्वास गर्न अघि त्यसलाई तार्किक ढङ्गमा केलाउनु पर्छ अनि बुझ्नु पर्दछ भन्छन् । तर कुनै पनि मानिसले परमेश्वरको अनुग्रहलाई कहिल्यै बुझ्न सक्तैन । अनुग्रह अतार्किक हुन्छ । न्याय चाहिँ तार्किक हुन्छ । कृपालाई पनि तार्किक ढङ्गमा बुझ्न सकिन्छ । तर अनुग्रहले चाहिँ सारा मानव तर्कहरुलाई पन्छाइदिन्छ । यो ता पाउनै नमिल्नेले पाइरहेको हुन्छ । जसले खीष्टलाई थुके, गिल्ला गरे, थप्पड लगाए अनि क्रूसमा टाँगे, उनीहरुलाई पनि उहाँले चोखो प्रेम गर्नुभयो । यस्तो अनुग्रह मानिसले बुझ्नै नसकिने कुरो हो, महिमा ।"

"के यसै कारण आर्नोल्डले प्रभुभोजमा त्यस्तो कुनै रहस्यको कुरो छैन भनेको हो ? त्यसले पनि मलाई अप्ठ्यारो पाऱ्यो, जुली, किनकि हामीले येशूको देहमा सहभागी हुने कुरोलाई १ कोरन्थी १०:१६ मा कण्ठ गरेका थियौं ।"

"त्यो एक तर्कवादी धारणा हो । तर यहाँ त ईश्वरीय रहस्य छ किनकि परमेश्वरले स्वयंले यसलाई बढो गम्भीरतपूर्वक लिनुहुन्छ । खीष्टको देहलाई पवित्रतामा चिन्न नसक्नेलाई उहाँले सजाय दिनुभयो भनी १ कोरन्थी ११ मा भनिएको छ । उसको पृष्ठभूमि अनुसार, आर्नोल्डले यसलाई पूर्णतया तार्किक ढङ्गमा परिभाषित गर्नु परेको छ । उसले कुनै पनि अलौकिक कामलाई मान्दैन । उसको तर्क अनुसार, हामीले रोटी भाँच्दा त, पवित्र आत्माले छुट्टी लिनभएको हुन्छ ! मैले पनि त्यसरी नै सोच्थें, तर मैले परमेश्वरसँग क्षमा मागें । उहाँले क्षमा दिनुभयो, महिमा । उहाँले मेरो शङ्कास्पद सोचाइमाथि विजय हुन सिकाउनुभयो ।"

क्षमादानको साधनः

व्यवस्थाः पशु बलि, अस्थायी मूल्यको, हिब्रू १०:८, ९:६-१०, अनि १०:१-४

आत्माः येशूको एउटै बलिदान, सधैंको लागि, हिब्रू ९:१०-११, १०:९-१०

इनाम अनि सजायका किसिमः

व्यवस्थाः भौतिक, लौकिक, अस्थायी, व्यवस्था ३०:१५-२०

आत्माः आत्मिकी, स्वर्गीय, अनन्त, एफिसी १:३, यूहन्ना ३:१६, प्रकाश २०:१३-१५

सांस्कारिक छापः

व्यवस्थाः शरीरको खतना, उत्पत्ति १७:१०, व्यवस्था १०:१६

आत्माः बप्तिस्मा (हृदयको खतना), मत्ती २८:१८-२०, रोमी २:२९, कलस्सी २:११-१२

सम्झनाको खानाः

व्यिवस्थाः नस्तार-चाडको थुमा, प्रस्थान १२:१-१५

आत्माः येशूको शरीर र रगत, लूका २२:१९-२०

अर्को दिन युसुफले सोहन र महिमाको लागि पुरानो नियम र यसका स्वभावका नियमहरु अनि आत्मामा नयाँ जीवनको भिन्नता देखाएर एक चार्ट तयारी पारेर देखाए। कसरी खीष्टको क्रूसले सारा इतिहासलाई विभाजित गरेको रहेछ अनि मानिसहरुको निम्ति परमेश्वर को नियम व्यवस्थाबाट येशूको मृत्यु र पुनरुत्थानद्वारा परिवर्तन भएर आत्माद्वारा चल्नु पर्ने भएको रहेछ भनी तिनीहरुले चाल पाएर छक्क परे। चालचलनको निम्ति पुरानो नियम व्यवस्था थियो भने, नयाँ नियम चाहिँ आत्मामा जीवन हो:

पुरानो: व्यवस्था
नयाँ: आत्मा

करारको समयावधि:

व्यवस्था: अस्थायी, यर्मिया ३१:३१-३२, हिब्रू ८:१३

आत्मा: अनन्त, हिब्रू ९:१५, १०:१०-१४

सबैभन्दा महान आश्चर्यकर्म:

व्यवस्था: समुद्रद्वारा दासत्वबाट बँचेका, प्रस्थान १४

आत्मा: पुनरुत्थानद्वारा मृत्युबाट बँचेका, लूका २४, रोमी ६:१-१४

"मदनले पनि मलाई निरास पाऱ्यो। उचाहिँ सधैंभरि मण्डलीको लागि पैसा कहाँबाट ल्याउने भनेर चिन्ता गरिहन्छ।"

"मदन चाहिँ भौतिकवादी हो, महिमा। उसले चाहिँ मानिसहरुसित भएको भौतिक कुरोद्वारा परमेश्वरको अनुग्रहलाई नाप्दछ। सेवकाइको निम्ति भएको कुनै पनि नयाँ विचारलाई उसले पहिल्यै निचोरिदिन्छ किनकि मण्डलीको आर्थिक धारा सुक्छ भनेर उ डराउँछ। उनीहरुको हृदयमा मदन र आर्नोल्डले राम्रै सोचेका होलान्, तर उनीहरु पनि साधारण मानिसहरुले लिने मानवी धारणाबाट नै प्रभावित भएका छन्।"

त्यो रात युसुफले अरु एल्डरहरुसित भेट्दछ। आर्नोल्ड उभिन्छ अनि भन्छ, "युसुफ, यदि अरु घरेलु अगुवाहरुले पनि तपाईंले जस्तै सोंच्न थाल्ने हो भने विभाजन आउन सक्छ।"

मदनले थप्छ, "युसुफ, तपाईंहरु जस्ता सिर्जनात्मक अगुवाहरुमा मेरो भरोसा छैन। हामीले घरेलु झुण्डहरुलाई माथिदेखि तलसम्मै कडा नियमहरु लगाइएर बलियो नियन्त्रण गर्नुपर्छ। ससाना मण्डलीहरु जस्ता यी घरेलु झुण्डहरुलाई साह्र बढी स्वतन्त्रता भयो। तिनीहरु ता हामीले दिलाएको पाठहरु प्रयोग गर्ने साधारण बाइबल अध्ययन झुण्डहरु मात्र हुनुपर्छ।"

युसुफले बढो नम्र भावमा भन्छ, "कृपया गरी मदन बुझिदिनोस्। यसरी ता घरेलु झुण्डहरुमा परमेश्वरले गरिरहनु भएको काम नष्ट भएर जानेछ। नयाँ करारमा बताइएका सारा सेवकाइहरु तिनीहरुले त्यो झुण्डमा अभ्यास गर्ने मौका पाइरहेका छन्। परमेश्वरलाई त

बाइबल अध्ययनभन्दा धेरै चाहिन्छ। यदि हामीले एउटै पाठलाई अनुकरण गरिरहने हो भने मानिसहरुको वर्तमान खाँचो अनुसार कसरी सिकाउने ?"

"आर्नोल्डले जोड दियो, "बाइबलले चाहेको सारा सेवकाइहरु हामी गर्नेछौं। कति झुण्डहरुले त एक एकवटा सेवकाइ गरुन् भन्ने हामी चाहन्छौं। हरेक झुण्डले कुनै विशेष सेवकाइ लेओस् अनि यससित र हिरहोस्। एउटा झुण्डले वचन सिकाउन सक्छ। अर्को सुसुमाचार प्रचार। अर्कोले खाँचोमा परेकाहरुलाई हेरविचार गर्नसक्छ। अर्कोले मिसलाई बढाउन सक्छ। हामीले चाहिँ सबैमाथि कडा नियन्त्रण र ाख्नेछौं।"

युसुफले भन्यो, "त्यो ता कार्यक्रममा आधारित संस्था पो भयो ! यसले ता मानिसहरुलाई सानो बक्साभित्र थुनिदिन्छ। यसले मण्डलीलाई कोठा कोठामा विभाजन गरिदिन्छ। विभिन्न आत्मिकी वर दानहरुलाई मिलाएर झुण्डको निम्ति काम गर्नुको साटो, यसले ता एकैनासे वरदान भएकाहरुलाई एकै ठाउँमा भेला गर्छ। रोमी १२, साथै १ कोरन्थी १२ अनि एफिसी ४:११-१६ ले के देखाएको छ भने हामीले विभिन्न वरदानहरु भएका मानिसहरुलाई एकै ठाउँमा ल्याउनुपर्छ, तिनीहरुलाई अलग पार्ने होइन। हामीले एउटै देहमा विभिन्न सेवकाइहरुद्वारा एक अर्काको सेवा गर्नुपर्छ। यो काम चाहिँ ससाना झुण्डहरुमा राम्ररी हुनसक्छ।"

आर्नोल्डले तर्क राख्छ, "तर त्यो त नियन्त्रण गर्न गाह्रो पर्छ नी। हामीलाई एउटा संस्थागत रुप चाहिन्छ जसले माथिका अगुवाहरुलाई वास्तविक शक्ति दिएको हुन्छ।"

महिमाले भनिन्, "अहो, बल्ल बुझें ! त्यसैकारण यर्मियाले भनेको रहेछ, पुरानो करार अस्थायी हो। अब ढुङ्गमा होइन, तर हृदयमा लेखिएको परमेश्वरको व्यवस्था भएको नयाँ करार दिइनेछ।"

युसुफले अझ भन्दै गए, "व्यवस्थाको लेखाइले ता हामीलाई दोषी ठहराउँछ, अनि मृत्युतिर डोऱ्याउँछ। आत्माले अनन्त जीवन ल्याउँछ। सुन्नुहोस्– मेरो उड्ने बेला भएको सूचना। म जानुभन्दा अघि, २ कोरन्थी ३:६-१० ले आत्मामा जीवन हुन्छ भन्ने बारेमा के बताएको छ।" उसले छिट्छिटो पढिदिन्छ:

नयाँ करारका सेवकहरु हुन उहाँले हामीलाई योग्यका बनाउनुभयो, लिखित अक्षरमा होइन, तर पवित्र आत्मामा। किनभने लिखित अक्षरले त मार्छ, तर पवित्र आत्माले जीवन दिनुहुन्छ। तर मृत्यु ल्याउने व्यवस्थाका अक्षरहरु ढुङ्गामा खोपिएका थिए। त्यो व्यवस्था यस्तो महिमामय भएर आयो, कि त्यसको तेजले गर्दा इस्राएलीहरुले मोशाको अनुहार हेर्न सकेनन्, यद्यपि त्यो तेज हराउँदै जाँदैथियो। पवित्र आत्माको सेवा कसरी अझ बढी महिमामय नहोला ? किनभने दोषी ठहराउने व्यवस्था महिमामय थियो भने, धार्मिकताको सेवा ज्यादै बढी महिमामय हुन्छ। किनभने जो एक पल्ट महिमामय थियो, अहिले त्यसलाई उछिन्ने महिमाले गर्दा अब त्यो महिमामय रहेन।

"हो, गर्दछन् । पुरानो करारको व्यवस्था अनि व्यवहारमा नयाँ करार को स्तरलाई तेति भिन्नता नपाउनेहरुसँग होशियार हुनुपर्छ । व्यवस्थाअनुसार चल्नुबाट आत्माअनुसार चल्नुमा येशूको मृत्यु र पुनरुत्थानले परिवर्तन गरिसकेको छ । व्यवस्थावादीहरु अझ पनि व्यवस्थाद्वारा चल्नुपर्ने फरिसी मानसिकतामा नै अल्झिरहेका छन् । उनीहरुले नियमहरु बढाएका बढाएकै छन् । तिनीहरुले प्रायः जसो गर ी पुरानो करारका नियमहरु पक्का गरी प्रयोग गर्दैनन् किनकि त्यो उनीहरुले उहिल्यै प्रयोग गरेका हुन्, तर अब ता तिनीहरुले मानव-निर्मित नियमहरुमा नै बढी जोड दिन्छन् ।"

"कतिपय पुरानो करारका नियमहरु उहिल्यै प्रयोग गरेका हुन्, भन्नुको तात्पर्य मैले बुझिनँ ?" भनेर महिमाले सोधिन् ।

युसुफले बुझाउने काम गरे: "यदि तपाईंले सबाथको दिन दाऊरा बटुल्नु भयो भने, तपाईंलाई ढुङ्गाले हानेर मारिन्थ्यो । हरेक सातौं वर्षमा खेतीवलाहरुले आफ्नो जमीन बाँझै राख्नुपर्थ्यो । आफ्ना आमाबाबुलाई सराप दिने नानीहरुलाई ढुङ्गाले हानेर मारिन्थ्यो । जुन जुन देशका मूर्तिपूजकहरु इस्राएल देशमा बसेका थिए, तिनीहरुलाई देशबाहिर निकालिन्थ्यो अथवा मृत्यु दण्ड दिइन्थ्यो । साप्ताहिक आर ाधनामा भेडो मारिन्थ्यो अनि यसो गर्नको निम्ति यरुशलेमसम्म यात्रा गर्नुपर्थ्यो । त्यतिबेला यी सबैको एक उद्देश्य थियो । रोमी ३ अनि गलाती ३ लै व्याख्या गरेअनुसार व्यवस्थाले पापलाई देखाइदियो, अनि परमेश्वरका जनहरुलाई खीष्टको निम्ति तयार पारिदियो ।"

"अर्नोल्ड, तपाईंलाई शक्तिको बढी चिन्ता लाग्छ जस्तो लाग्यो । हर ेक झुण्डको नियन्त्रणको निम्ति पवित्र आत्मामा नै भरोसा गरौं, अनि नयाँ करारले दिएको स्वतन्त्रता तथा परमेश्वरबाट अगुवाइ भएअनुसार तिनीहरुले सेवकाइ बढाऊन् ।"

आर्नोल्डले भन्यो, "युसुफ, तपाईंले त सधैं नयाँ कुरो ल्याउनुहुन्छ । तपाईंको झुण्डमा हरेकले केही न केही गरिरहेको छ । एक सातादेखि अर्कोमा पुग्दा तपाईंले के गर्नुहुनेछ भनी कसैले जान्दैन । त्यसले ता हाम्रो एकतालाई नष्ट पार्दछ । हामीमा एउटै स्तरीय कार्यको रुपरेखा हुनुपर्ने होइन र ।"

युसुफले जवाफ दियो, "तपाईंले एकतालाई एकनासेपनसित मिसाउनु भयो । खीष्टमा साँचो एकता भनेको एकनासे काम गर्नु भनेको होइन । बरु यसको उल्टो पो हो । प्रेरितहरुले देहमा एकताको बारे त्यहीँ सिकाए जहाँ उनीहरुले वरदानहरुको बारेमा सिकाएका छन् । एकताको बारेमा तिनीहरुको शिक्षा यही थियो कि हामी सबैमा विभिन्न वरदानहरु छन् तर पवित्र आत्माले प्रेममा हाम्रा विभिन्न सेवकाइहरुलाई मिलाएर चलाउनुहुन्छ । मानिसहरुको खाँचो अनुसार, हामी तिनीहरुलाई सेवकाइको निम्ति सिकाउँछौं अनि सुसज्जित पार्दछौं । सेवकाइको निम्ति तिनहिरुको खाँचो र अवसरहरु निरन्तर परिवर्तन भइरहन्छ जुन नमूना हामी नयाँ करारमा पनि पाउँछौं ।"

अरु एल्डरहरु युसुफसित सहमत बने । घरमा सोहन र महिमाले उनलाई पर्खिरहेका हुन्छन् । सोहनले भन्यो, "युसुफ, खै के गर्नुपर्ने हो, हामीलाई थाहा छैन । हामीले त आर्नोल्ड र मदनको चित्त पो दुखाउँछौं कि भने डर लागिरहेका छ । झुण्डले छोड्ला कि, अथवा

अगुवाहरु र परमेश्वरबाट इन्कार भइएला कि भने डर राखेर उनीहरुले जे चाहन्छ त्यही गर्न हामीलाई कर लगाएको जस्तो लाग्यो। यस्तो डरसँग त हामीले संगतिको मजा लिनै सक्तैनौं।"

"म र अरु एल्डरहरुले यो जिम्मा लिइरहेका छौं, सोहनजी। प्रेमिलो सम्बन्ध र आत्मिकी वरदान वरिपरि हामी निर्माण हुनुपर्छ भनी उनीहरु सहमत भएका छन्। आर्नोल्ड र मदनले अब कुनै सहयोग पाएक छैनन्। तपाईंको काम अब झुण्डमा अरुहरुसित प्रेमिलो सम्बन्ध निर्माण गर्ने हो। प्रेमले डरलाई हटाइदिन्छ भनेर बाइबलले भनेको छ।"

"तिनीहरु शक्तिको निम्ति प्रतियोगितामा भएका निरंकुशहरु हुन्!" भनी महिमाले उजुर गर्दछिन्।

"यसैकारण तिनीहरुलाई बढी ध्यान नदिनुहोस्। हामी त दिँदैनौं।"

सोहन भन्दछ, "तिनीहरु परमेश्वरको अनुग्रहको निम्ति कति लोभी!"

"तर यसको बहाउलाई रोक्न तिनीहरु कति शक्तिहीन। कृपया गरी, अझ बढी आनन्दित कुरोबारे छलफल गरौं। म हाम्रा मण्डलीबाट गएका मिसनेरीहरुलाई भेट्न जानेछु। तीन साता भइसक्यो जानै पाएको छैन। म गएको बेला तपाईंले उनीहरुको विभिन्न आत्मिकी वरदान अनुसार झुण्डमा भएको मानिसहरुको सेवा पुऱ्याउन हरेकलाई सहयोग गरिदिनुहोला भन्ने म चाहन्छु। हरेकले आफूसँग भएका सबै वरदानहरु थाह पाउनै पर्छ भन्ने केही छैन। तिनीहरुले नयाँ करारमा भनिएको 'एकले अर्कालाई' भन्ने कुरो चाहिँ

प्रेम गर्न सहायता गर्नको निम्ति मसित परमेश्वर हुनुहुन्छ के भनेर ममा शङ्का उब्जिरहन्छ। परमेश्वरले हामीलाई कसरी सजाय दिनुहुन्छ भनी आर्नोल्डले पुराना करारमा पदहरु निकालेर मलाई देखाइरहन्छ। उसले त हामीलाई उभिनै दिन आँटेन। उसले बाइबलको अरु कुरा सब भुले जस्तो छ।"

युसुफले स्पष्ट पार्दछ, "हामीले पुरानो करारको व्यवस्थाबाट कसरी छुटकारा पायौं भनी बुझ्नलाई हामीले यो कुरो स्पष्ट बुझ्नु खाँचो छ कि पुरानो करारको आधार व्यवस्था हो, अनि नयाँ करारको आधार विश्वास हो। दुवै करारहरुले अनुग्रह नै दिन्छन्। पुरानो करारमा पापीहरुले अनुग्रहद्वारा नै परमेश्वरबाट सित्थैंमा क्षमादान हासिल गर्दथे। यो कुरा पुरानो करारमा चढाइएका रगतको-बलिदानहरुमा देखिन्थ्यो किनकि परमेश्वरले ख्रीष्टको रगतको साटो चढाइएका ती बलिदानहरु स्वीकार्नु भयो त्यति बेला पनि ख्रीष्टकै रगतले ती पापहरु छोपिन्थे, किनकि परमेश्वरको दृष्टिमा त पापक्षमाको लागि ख्रीष्टको र गतले पहिलेदेखि नै प्रभावशाली रुपमा काम गर्दथ्यो, किनकि भूत, वर्तमान अनि भविष्य, सबै कुराहरु परमेश्वरले जान्नुहुन्थ्यो। समयले हामीलाई जस्तो उहाँलाई नियन्त्रणमा राख्न सक्तैन। उहाँले नै यसलाई सृष्टि गर्नुभयो! पुरानो करारका विश्वासीहरुलाई पनि पर मेश्वरको अनुग्रहको खाँचो थियो अनि तिनीहरु पनि व्यवस्थाबाट बचाइएका होइनन्। त्यो ता फरिसीहरुले पुरानो करारको व्यवस्थालाई गलत पाराले व्याख्या गरेका मात्र हुन्।"

"के मानिसहरुले अझ पनि पुरानो करारलाई गलत पाराले व्याख्या गर्दछन्?"

© Project WorldReach © SEAN

जुलीले उत्तर दिन्छिन्, "यो धर्मशास्त्रसित मिल्दैन, अनि यसले पर मेश्वरलाई होइन, तर मानिसलाई (विशेषगरी संस्थापक अथवा अगुवालाई) साथै मानव संस्थालाई महिमा दिन्छ।"

युसुफले थप्छ, "तिनीहरुको प्रचार अथवा शिक्षणको रुपरेखाको निम्ति मात्र परमेश्वरको वचनलाई प्रयोग गर्नेहरुसित होशियार। हामीले त यसलाई हाम्रो झुण्डको क्रियाकलापहरुको निम्ति एक निर्देशनको रुपमा पनि लिनुपर्छ। हामीले कसरी गवाही दिन्छौं, नयाँ विश्वासीहरुलाई निश्चयता दिन्छौं, सेवकाइको आयोजना गर्दछौं, पाष्टर हरुलाई तालीम दिन्छौं अनि मिसनेरीहरु पठाउँछौं, ती सबैको निम्ति एक मानक हो।"

जुलीले थपिन्, "हामी सन्तुलित हुनुपर्छ। कति इसाईहरुको विश्वास केवल भावना अनि अनुभवहरुमा आधारित हुन्छ। कतिको चाहिँ धर्मशास्त्र र प्रयोजनको शिक्षामा मात्र आधारित हुन्छ। कतिले चाहिँ केवल समुदायिक जीवनमा आधारित पारेका हुन्छन्, उनीहरुले ती कुर ाहरु मात्र अङ्गाल्छन् जसले तिनीहरुको झुण्डलाई खुशी पार्छ। यी सबै धारणाहरु कोल्टे परेका छन्। यी तीनै प्रमुख आधारहरुः 'अनुभव', 'प्रयोजन' अनि 'समुदाय'लाई लिनको निम्ति पवित्र आत्माले हामीलाई निम्ति सहायता गरुन्। उहाँले हाम्रो मण्डली र झुण्डलाई सन्तुलन कायम गर्न सहयोग गर्नुहुन्छ। नत्रभने हामीले हाम्रो ठूलो शक्तिलाई बढी प्रयोग गर्नेछौं, जुन चाहिँ हाम्रो महाकमजोरीपना हुनेछ।"

सोहनले मानिलिन्छ, "मेरो सबैभन्दा ठूलो समस्या आर्नोल्ड र मदनसित हो। तिनीहरुले मलाई दोषी ठहऱ्याउन मेरो विवेकमा घोचिरहन्छ। तब मेरा पापमाथि विजय हासिल गर्न अनि अरुहरुलाई

अभ्यास गरुन्। यो 'एकले अर्कालाई' भन्ने कुरो चाहिँ बुझाइदिनोस् अनि हरेकलाई अभ्यास गर्न सहयोग गर्नुहोस्। 'एकले अर्कासँग' अन्तरक्रिया गर्न जेले हामीलाई बाधा दिन्छ, यसले नै परमेश्वरको अनुग्रह स्वतन्त्रपूर्वक बग्नबाट रोकेको हुन्छ।"

"मैले यत्रो गर्नु भन्ने तपाईं चाहनुहुन्छ ?" सोहन छक्कै पर्छ। "म ता नयाँ छु ! तपाईंले आत्मिकी वरदानहरु भन्नु भएको पनि म ता बुझ्दिनँ !"

"बाइबलको मौलिक भाषामा वरदानको लागि 'करिष्मा' शव्द प्रयोग भएको छ जसको अनुवाद अनुग्रहहरु अथवा वरदानहरु हुनजान्छ। यो अनुग्रहसित सम्बन्धित छ। हामीले 'एकले अर्कालाई' सेवा पुऱ्याउँदा, सेवकाइमा आधारित वरदानहरुद्वारा पनि परमेश्वरको अनुग्रह बहन्छ। पाष्टरले मात्र सेवकाइ गर्ने होइन, हामीले ता तपाईंहरु सबैलाई यसको निम्ति तयारी पार्नुपरेको छ भनी एफिसी ४:११-१२ ले भन्दछ।"

"मैले ता सेवकाइ भनेको मुख्य गरी प्रचार मात्र होला भन्ठानेको थिएँ।"

"होइन, त्योभन्दा धेरै हो। परमेश्वरले हामी सबैलाई विभिन्न सेवकाइहरुको लागि विशेष अनुग्रह दिनुहुन्छ। यी वरदानमा आधारित सेवकाइहरुद्वारा अरुहरुलाई आशिष पुग्नुपर्छ। हामीले पाष्टरीय परामर्शद्वारा बढो नम्रतापूर्वक बगालदेखि टाडिएर जाने भेडाहरुको सुधार गर्दै उनीहरुलाई निम्नअनुसारको सेवा पुऱ्याउनु पर्दछ– शोकमा परेकाहरुलाई सान्त्वना दिनु, निको पार्नु, सहयोग र कृपा गर्नु, प्रोत्साहनका वचनहरु दिनु, अगमवाणी र प्रेरणा दिनु, भण्डारेपन, अन्तर्विन्ती अनि पारिवारिक

उपाषना, विवाह, परिवार अनि बालबच्चाको हेरचाह, संगतिको निम्ति आराधना अनि विशेष क्रियाकलापको योजना गर्नु, सुसमाचार, चेला बनाउनु अनि गोठालोको काम गर्नु, आफ्नो जीवनमा अनि अगुवाहरुलाई तालीम दिँदा परमेश्वरको वचन प्रयोग गर्नु, नयाँ मण्डलीहरु अनि झुण्डहरु शुरु गर्नु, अनि मिसनेरीहरु पठाउनु ।

यी सबै 'एकले अर्कालाई' सेवा गरेर नै शुरु हुनछ । कृपया गरी 'एकले अर्कालाई' भन्ने कुरा सिकाउनोस् । महिमाले तपाईंलाई सहयोग गर्नसक्छ ।"

सोहनले अझै सोध्छ, "हामी गर्नसक्छौं भनी तपाईं ठान्नुहुन्छ ?"

"म जान्दछु परमेश्वरको सहयोगमा तपाईंले सक्नुहुन्छ । हामी प्रार्थना गरिदिनेछौं । पवित्र आत्माको तेलले पुरानो मण्डलीका जोर्नीहरुमा भएको आर्थ्रिटिस रोगमा तेल लगाइदिनु हुनेछ । यी यो लिनुहोस् ।" यति भनेर युसुफले सोहनलाई नयाँ करारको 'एकले अर्कालाई' आज्ञाका सूचीहरु दिन्छन् ।

'एकले अर्कालाई' आज्ञाहरु

(तपाईंको मण्डली हुनुपर्ने कुराहरुमा चिन्ह लाउनोस् ।)

झुण्डहरुभित्र अनि बीचमा हुनुपर्ने संगतिको लागि चाहिने:

"हामीले यी सब कसरी जान्ने होला ?" महिमाले लामो सास फेर्दै भन्छे ।

युसुफले उसलाई निश्चित पार्न खोज्छ, "तपाईंले जान्न थालिसक्नु भएको छ । तपाईं र सोहनले त अरु धेरै इसाईहरुले भन्दा धेरै परमेश्वरको बारेमा बुझिसक्नुभएको छ । पवित्र आत्माले तपाईंहरुको मनलाई ज्योतिले भरिदिऊन् ताकि तपाईंहरुले परमेश्वरको वचन तपाईंहरुको जीवनमा, परिवारमा, साथीहरुमा अनि शत्रुहरुमा पनि लागू गर्नसक्नुहुनेछ । शैतान, यो संसारको देवले अविश्वासीहरुको आँखा बन्द गरिदिन्छ भनेर २ कोरन्थी ४:४ ले भन्दछ । केवल अनुग्रहको आश्चयकर्मद्वा॥ हामीले परमेश्वरको सत्यलाई चिन्न सक्नेछौं । पवित्र आत्माले हामीलाई भित्री मनमा साक्षी दिनुहुन्छ । रोमी ८ अध्यायमा हामीले हेरे जस्तै, उहाँले हामीलाई अलौकिक ढङ्गमा डोऱ्याउनु हुन्छ ।"

"के उहाँले हाम्रो मनलाई खुलाउनको निम्ति धर्मशास्त्र मात्र प्रयोग गर्नुहुन्छ ?" महिमाले सोध्छे ।

युसुफले स्पष्ट पार्दछ, "धर्मशास्त्र नै हाम्रो अन्तिम अधिकार हो, तर भजनसंग्रह अनि रोमी १ ले भन्दछ कि परमेश्वरले अरु तरिकाद्वारा पनि सत्यलाई प्रकट गर्नुहुन्छ । यी अरु कुराहरु भन्नाले प्रकृति, इतिहास, मित्रहरु, विवेक, आत्मिकी वास्तविकताहरुमा मनन, अनुभव अनि कहिले काहीँ सपनाहरु पनि हुन् ।

सोहनले भने, "मैले यर्मियामा पढ्दै थिएँ कि झूटा अगमवक्ताहरुले सपनाहरुलाई प्रयोग गर्दछन् । झूटा शिक्षालाई हामीले कसरी पत्तो लाउने ?"

मलाई एस्तर रानी हुन मन पर्छ। सोहन एक असल उडाऊ पुत्र बन्न सक्छ। किनभने उसित त्यो अनुभव छ। के हाम्रा अगुवाहरुले यस्ता कुराहरु गर्न दिन्छन् ?"

युसुफले उसलाई निश्चयता दिन्छ, "महिमालाई, तपाईंलाई यसो गर्न अब स्वतन्त्रता छ। हामीले दंभ सिद्धान्तवादको विरुद्ध आत्मिकी संघर्ष लडेका छौं। यसले ता तपाईं जस्तो नयाँ विश्वासीहरुलाई परमेश्वरको वचनबाट छलफल गर्न उत्साहित पार्दैन। अति बढी विवाद गरे यसले ता बाधा मात्र तेर्स्याउँछ। दंभ सिद्धान्तवादीहरुले परमेश्वरको अनुग्रह कामबाट आउँछ जस्तो गर्छन्। उनीहरुको विचारमा असल काम चाहिँ धेरै अध्ययनको विषय जत्तिकै हो।"

जुली भन्छिन्, "दंभ सिद्धान्तवादीहरुको निम्ति मण्डली भनेको पुल्पिट र पिउहरु मात्रै हो। मानिसहरुको ता मुख र कान मात्रै छन्। उसले मण्डलीलाई 'एकले अर्कोको' सेवा गर्ने, वरिपरिको समुदायमा शैतानको विरुद्ध लड्ने, भोकाएकाहरुलाई खुवाउने अनि बिरामीलाई निको पार्ने एक जीवित देहको रुपमा देख्दैन।"

"हे प्रिय प्रभु, हामीलाई छुटकारा दिनोस् !" सोहनले चित्कार गर्छ।

युसुफले स्पष्ट पार्न खोज्छ, "उ पनि ठीकै छ। तर सिद्धान्तवादी हुने समय पनि छ। हामीलाई परमेश्वरको वचनमा आधारित भएको पक्का विश्वासको खाँचो छ। हामी वचनलाई गहिराइमा अध्ययन गर्दछौं, घमण्डमा तर्क गर्नलाई अथवा अनुग्रह कमाउनलाई होइन, तर हामीले पाइरहेको अनुग्रहप्रति हामी कृतज्ञ बन्दछौं।"

☐ प्रेमः

'एकले अर्कालाई' प्रेम गरः यूहन्ना १३:३४-३५, ५:१२,१७, रोमी १२:१०, १ थिस्सलोनिकी ४:९, १ यूहन्ना ३:११-१४, २३, ४:७, २ यूहन्ना ५, १ पत्रुस १:२२

व्यवस्थालाई पूरा गर्न 'एकले अर्कालाई' प्रेम गरः रोमी १३:८

'एकले अर्काप्रति'को प्रेमलाई वृद्धि गरः २ थिस्स. १:३

'एकले अर्काको निम्ति प्रेममा बढ्ने र प्रशस्त भइरहने काम गरौंः १ थिस्स. ३:१२

असंख्य पापहरु ढाक्ने गरी 'एकले अर्कालाई' गहिरो प्रेम गरौंः १ पत्रुस ४:८

☐ वास्ताः

'एकले अर्कासँग' संगति गरौंः १ यूहन्ना १:७

'एकले अर्कालाई' क्षमा गर: एफिसी ३:१३, ४:३२, कलस्सी ३:१३

'एकले अर्कालाई' पवित्र चुम्बनले अभिवादन गर (कति संस्कृति अनुसार अङ्गालो हालेर): रोमी १६:१६, १ कोरन्थी १६:२०, २ कोरन्थी १३:१२, १ पत्रुस ५:१४

रोटी भचाइँको निम्ति 'एकले अर्कालाई' पर्ख: १ कोरन्थी ११:३३

'एकले अर्काको' कष्ट भोग: १ कोरन्थी १२:२६

झुण्डहरुभित्र अनि बीच 'एकले अर्कालाई' सेवा पुऱ्याउँदा चाहिने:

☐ सेवा:

हरेक व्यक्तिले पाएको वरदानहरुद्वारा 'एकले अर्काको' सेवा गर: १ पत्रुस ४:१०

प्रेममा 'एकले अर्काको' सेवा गर: गलाती ५:१३

अनि दर्शनशास्त्रहरु उपलब्ध गराइहाल्छन्। त्यो सकेसम्म चाँडै कुनै प्रकारको मूर्तिपूजामा परिणत हुन्छ अनि त्यसले तिनीहरुलाई दास तुल्याइदिन्छ।"

महिमा भन्छे, "म त्यो जवान पुस्ताको हुँ। हामी अरु इसाईहरुसित गतिशीलको सम्बन्ध चाहन्छौं। यसलाई सफल तुल्याउन चाहने अगुवाहरु हामीलाई चाहिएको छ। तर कसरी ? उदाहरणको लागि, कसरी हामी सिकाउन सक्छौं अनि त्यहाँ उपस्थित भएकाहरु सक्रिय रुपमा सहभागी बन्न सक्छन् अनि तिनीहरुले सिकेका कुराहरु 'एक अर्कोमा' सम्बन्धित बन्न पुग्छ ?"

जुलीले सल्लाह दिन्छे, "तिनीहरुलाई बाइबलको कथाबाट नाटक गर्न भन्नोस। त्यो कथाले हामीलाई परमेश्वरबारे के शिक्षा दिन्छ अनि हामीले के गर्नुपर्छ, त्यो सोध्नोस्। अभिनयमा भाग लिन मिल्ने छोटो स्किटहरु प्रयोग गर्नोस्। तिनीहरुको मनलाई उद्वेलित तुल्याउने इतिहासको सच्चा घट्नाहरुसित सम्बन्धित गराइदिनोस्। परमेश्वरको वचन र उहाँको काममाथि मनन गर्न मिल्ने गरी प्रश्नहरु गरिदिनोस्। तिनीहरुको उत्साहलाई जगाउने गरी कविताहरु अनि गीतहरु लेख्न लाउनोस्। एक जनाले मात्र सिकाउने भन्दा पनि धेरै मिलेर सिकाउने कुराहरु तयार पार्न लाउनु होस्। तिनीहरुले कार्यक्रमहरु मिलेर गर्नुपर्ने कुराहरु सिकून्।

महिमा मख्ख पर्छिन्, "ओहो, मलाई परमेश्वरको वचन सिकाउन, नाटकहरु तयार पारी प्रदर्शन गर्ने काम अरुलाई सिकाउन मन पर्छ। के हामी अदनको बगैंचाको नाटक गर्न सक्छौं ? अथवा रुथको ?

"कसरी 'दंभ सिद्धान्तवाद' ले अनुग्रहलाई रद्द गरिदियो ?" महिमाले सोधिन् ।

युसुफले उत्तर दिन्छ, "यसले यसको जग ज्ञानमा बसाल्छ, तर, १ कोरन्थी ८:१ ले भनेको छ कि, ज्ञानले घमण्ड ल्याउँछ । हाम्रो एउटै जग येशू हुनुहुन्छ । उहाँ त्यो चट्टान हुनुहुन्छ जसमाथि बुद्धिमानीहरुले घर बनाए । बुद्धिमानी अनि मूर्ख दुवैले येशूका वचनहरु सुने । अर्थात् ती दुवैसँग सठीक ज्ञान थियो । तर केवल बुद्धिमानीहरुले येशूलाई यति विघ्न प्रेम गरे कि उहाँको आज्ञा पालन गर्न तिनीहरु मात्र राजी भए ।"

जुलीले पनि थपिन्, "सिद्धान्तवादीहरुले तपाईंको टाउकोमा दुलो बनाउँछ, एउटा फनेल घुसाउँछ, अनि तपाईंको मगजमा उसले आफ्ना विचारहरु खन्याउछ । हाम्रा आउँदा पुस्ताहरु याकूब १:२२ ले चेताउनी दिए जस्तै गरी निष्क्रिय 'श्रोताहरु मात्र' बन्नेछैनन् । तिनीहरु अझ बढी छलफल गरी सिक्न चाहन्छन् । तिनीहरु आफ्नो निम्ति अझ बढी स्वतन्त्र भएर सोच्न चाहन्छन् ।"

"जवानहरुले आफ्नै निम्ति सोच्न खोज्नु के खतरनाक कुरो होइन र ?" सोहनले जुलीलाई सोध्छ ।

"राम्ररी गोठालो गर्न सकिएन भने साँच्चै खतरनाक कुरो नै हो । यदि हामीले तिनीहरुलाई स्वतन्त्र पार्ने परमेश्वरको वचनबाट सिकेर सोच्न दिएनौ भने, हाम्रो संसारका मूर्तिपूजकहरुले तिनीहरुको मनलाई आक्रमण गरिहाल्छन् । तिनीहरुले स्वतन्त्रताको नाउँमा झूटा ईश्वरहरु

'एकले अर्काप्रति' दयालु होओः १ थिस्स. ५:१५

'एकले अर्काको' वास्ता राखः १ कोरन्थी १२:२५

'एकले अर्काको' भार थामः गलाती ६:२

अरुहरुको निम्ति गरिएको नम्र सेवाको चिन्हस्वरुप
'एकले अर्काको' खुट्टा धोओः यूहन्ना १३:१४

'एकले अर्कासँग' काम गरः १ कोरन्थी ३:९, २ कोरन्थी ६:१

☐ शिक्षाः

'एकले अर्कालाई' सिकाओः कलस्सी ३:१६

'एकले अर्कालाई' सम्झना दिलाओः रोमी १५:१४

☐ उत्साहः

'एकले अर्कालाई' उत्साह देओः कलस्सी ३:१६, हिब्रू १०:२५

'एकले अर्कालाई' अर्ती देओः हिब्रू ३:१३

'एकले अर्कालाई' सत्य बोलः एफिसी ४:२५

'एकले अर्काको' निम्ति जीवन बलिदान गरः
१ यूहन्ना ३:१६

'एकले अर्कालाई' प्रेम र असल कामको निम्ति उत्साहित गरौंः हिब्रू १०:२४

☐ निर्माणः

'एकले अर्कालाई' निर्माण गरौंः १ थिस्स. ४:१८, ५:११

भजन, शिक्षा, प्रकाश, अन्य भाषा वा अर्थ खोलाईद्वारा हामीले 'एकले अर्कालाई' निर्माण गरौंः १ कोरन्थी १४:२६

☐ आत्मिकी वास्ता दिनुहोस्ः

'एकले अर्कालाई' आफ्ना पापहरु स्वीकार गरौंः
याकूब ५:१६

सत्य ३
अनुग्रहको नदीले ज्योति र स्वतन्त्रता ल्याउँछ

सोहन, महिमा अनि जुलीले युसुफलाई एयरपोर्ट पुऱ्याउछन्। उसको जहाज कुर्दै गर्दा, उसले तिनीहरुलाई सम्झाउने काम गर्छ। "शैतानको झूटलाई यति सहज पारामा स्वीकारिन्छ कि त्यसलाई पत्तो लाउन हामीलाई परमेश्वरको सहयोग चाहिन्छ। दुष्टका सबै अग्निबाण निभाउन खीष्टले हामीलाई विश्वासको ढाल दिनुहुन्छ भनी एफिसी ६:१६ मा भनिएको छ। यी बाणहरु भौतिकवाद, तर्कवाद, व्यक्तिवाद, दंभ सिद्धान्तवाद, मूर्तिपूजा, अभिलाषा जस्ता अरु धेरै कुराहरुबाट बनिएका हुन्छन्। कुनै न कुनै रुपमा, हामी हरेक क्षेत्रबाट दुष्टका यी शिक्षाहरुको बाणद्वारा हमलामा परेका छौं।"

सोहनले जवाफ दियो, "हामीले भौतिकवाद र तर्कवादद्वारा अनुग्रहको विरुद्ध हुने शैतानको हमलालाई विरोध गऱ्यौं। कसरी त्यसले व्यक्तिवादलाई पनि अनुग्रह बग्नदेखि रोक्नको निम्ति चलाउँदो रहेछ।"

"जब तपाईंले हाम्रा मानिसहरुलाई 'एकले अर्कोलाई' आज्ञा पालन गर्न सिकाउनुहुन्छ तेतिबेला अरु पनि चाल पाउनुहुनेछ। व्यक्तिवादले केवल व्यक्तिगत विश्वास खोज्छ– एकलो व्यक्तिको धर्म। एक झुण्डमा आउनु ता धर्मान्ध हो भनेर यसले भन्छ। यस्तो एकलोपन चाहिँ प्रेमको दुश्मन हो। शैतानको व्यक्तिवाद अङ्गाल्ने मण्डलीहरुले 'एकले अर्कोलाई' भन्ने नयाँ करारको आज्ञालाई गम्भीरतापूर्वक अभ्यास नै गदैनन्।

मण्डलीको रीतिविधिद्वारा उहाँको अलौकिक अनुग्रह हामीकहाँ ल्याउन तर्कवादले परमेश्वरलाई काम गर्न दिँदैन । परमेश्वर को अनुग्रहको खास अर्थ अनि कसरी उहाँले हामीलाई मानिसको तर्कद्वारा दिनुहुन्छ भनेर ठान्नु खतरनाक हो भनेर हामीले कसरी बुझ्ने ?

भौतिकवादीहरुले परमेश्वरको अनुग्रहलाई सांसारिक सम्पत्तिको रुपमा अर्थ लाउँछन् । अनुग्रहको निम्ति बाइबलीय परिभाषा दिनुहोस्:

परमेश्वरले चाहनु भए जस्तै गरी 'एकले अर्कालाई' प्रेममा सेवा गर्नलाई घरेलु झुण्ड अथवा तपाईंको मण्डली कसरी आयोजना गर्ने योजना गर्दै हुनुहुनछ ?

'एकले अर्काको निम्ति' प्रार्थना गरौं: याकूब ५:१६

झुण्डहरुमा अनि बीचमा एकता वृद्धि गर्नको लागि:

☐ नम्रतामा काम गरौं:

'एकले अर्कालाई' आदर गरौं: रोमी १२:१०

'एकले अर्कासँग' एउटै मनको होऔं: २ कोरन्थी १३:११, रोमी १२:१६, अनि रोमी १५:५

'एकले अर्काको' आलोचना नगर: रोमी १४:१३

'एकले अर्काको' नराम्रो कुरा नगर: याकूब ४:११, ५:९

© Project WorldReach © SEAN

'एकले अर्कामा' समर्पित होओः एफिसी ५:२१

'एका अर्कामा' नम्रताको वस्त्र धारण गरौंः १ पत्रुस ५:५

☐ मिलेर बसौंः

'एकले अर्कासँग' धैर्य धारण गरौंः एफिसी ४:२

'एकले अर्कासँग' शान्तिमा बसौंः मर्कूस ९:५०

अतिथि सत्कारमा 'एकले अर्कालाई' ग्रहण गरः
रोमी १५:७, १ पत्रुस ४:९

मिलेर परमेश्वरको महिमा गरौंः रोमी १५:६

पुनमूल्याङ्कनः

परमेश्वरले यस जीवनमा केद्वारा आशिषित पार्न चाहनुहुन्छः

☐ भौतिक आशिषहरुद्वारा ।

☐ आत्मिक आशिषहरुद्वारा

(एफिसी १:३ ले आत्मिकी आशिषहरुको प्रतिज्ञा गरेको छ । नत्रभने संसारभरि भौतिक रुपमा करोडौं गरीब इसाईहरुलाई हामीले के भन्ने ? तिनीहरु पनि महिमामा प्रशस्तताको उत्तर ाधिकारीहरु हुन् अनि उनीहरुले पनि खीष्टसित राज गर्नेछन् ।)

तपाईंका मानिसहरुलाई परमेश्वरको अघि उनीहरुको स्थितिलाई बुझाउने सर्वोत्तम उपाय के होला ?

☐ तिनीहरुले कुनै नियम भत्काउला अनि परमेश्वरको अनुग्रहबाट पतित होला भनी डरसरी जिउन लाउने ।

☐ तिनीहरुका पापहरुको निम्ति तिनीहरुलाई दोषी तुल्याइर ाख्ने ।

☐ परमेश्वरको अनुग्रह बग्न नदिने सारा बाधाहरुलाई पर मेश्वरको वचनबाट सिकाएर, अरुको सेवा गरेर, दिनहुँ परमेश्वरलाई धन्यवाद दिएर अनि निरन्तर प्रभुभोज सम्पन्न गरेर हटाइदिने ।

(तपाईंको उत्तरप्रति तपाईं अनिश्चित हुनु भएमा, यी पदहरु होशियारपूर्वक पढ्नुहोस्: रोमी १-८ अध्यायहरु, एफिसी १-२ अध्यायहरु अनि १ कोरन्थी १०:१६)

© Project WorldReach © SEAN